निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७३।११।३०

काठमाडौं, फागुन ३० । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन २०७४ को पर्यवेक्षण निर्देशिकाका सम्बन्धमा निर्वाचन पर्यवेक्षण गर्दै आएका सरोकारवाला संस्थाहरूसँग कान्तिपथस्थित आयोगमा सोमबार अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले स्थानीय निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन सहयोगीको भूमिका निर्वाह गर्न पर्यवेक्षण गर्ने संस्थाका प्रतिनिधिहरूसँग आग्रह गर्नुभयो । उहाँले विगतको अनुभवलाई आधार मानेर स्थानीय तह निर्वाचनको पर्यवेक्षणको गुणस्तरीयतामा जोड दिनुभयो ।

प्रमुख आयुक्त डा. यादवले यस पटक ७४४ स्थानीय तहको छ हजार छ सय असी (६,६८०) वटा वडाहरूबाट प्रतिनिधिहरू निर्वाचित हुने जानकारी दिनुभयो । उहाँले हरेक वडाबाट महिला, दलित, सीमान्तकृतको प्रतिनिधित्व हुने व्यवस्था गरिएकाले पर्यवेक्षण गर्ने संस्थाहरूले पनि पर्यवेक्षकहरूको छनौट गर्दा समावेशी पक्षलाई ध्यान दिन आग्रह गर्नुभयो ।

अन्तरक्रियामा आयोगका उपसचिव मुकुन्द शर्माले 'स्थानीय तह निर्वाचन पर्यवेक्षणसम्बन्धी नीति निर्देशिका र आचार संहिताका प्रस्तावित व्यवस्थाहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसपछि पर्यवेक्षणसँग सरोकार राख्ने संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले आयोगले पर्यवेक्षकको उमेर २१ र शैक्षिक योग्यता प्लस टु वा सो सरह हुने प्रस्ताव राखेकोमा त्यसलाई घटाउन र सातवटै प्रदेशका कम्तीमा एक सयवटा मतदान स्थलको पर्यवेक्षण गर्नुपर्ने प्रस्तावलाई सरलीकृत गर्न सुझाव दिनुभयो ।

साथै उहाँहरूले पर्यवेक्षक संस्थाहरूले लेखा परीक्षणको प्रतिवेदन आयोगलाई दिने व्यवस्था गरिनुपर्ने, शहरी क्षेत्रका मतदान स्थलमा जन्ती आए जस्तो पर्यवेक्षकहरू आएर मतदान अधिकृतलाई नै हैरानी पार्ने गरेको तर दुर्गम क्षेत्रमा कसैको उपस्थिति नहुने गरेको विगतको अनुभव रहेकाले यसतर्फ आयोगको ध्यान पुगोस् भन्ने सुझाव दिनुभयो । अन्तरक्रियामा आयोगका माननीय आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, ईश्वरीप्रसाद पौड्याल, सचिव गोपीनाथ मैनाली, सहसचिव दीपक सुवेदीलगायतको सहभागिता थियो ।

सूर्यप्रसाद शर्मा

(सहसचिव एवं प्रवक्ता)

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np